## Toronto को Scarborough मा कन्सुलर सेवा शिविर सञ्चालन हुने सम्बन्धी अत्यन्त जरुरी सूचना!

### (कृपया पूरा सूचना पढेर मात्र फारम भर्नुहोला।)

नेपाली राजदूतावास, ओटावाले Nepalese Canadian Community Services (NCCS), NRNA- Canada, लगायत **Greater Toronto Area (GTA)** स्थित स्थानीय नेपाली संघसंस्थाहरूको सहयोगमा टोरन्टोको **Scarborough** मा देहायको मिति, समय र स्थानमा सो क्षेत्रमा बसोबास गर्ने नेपाली समूदायलाई लक्षित गरी घुम्ती शिविरमार्फत् निम्न बमोजिमका कन्सुलर सेवा प्रदान गर्ने कार्यक्रम तय गरेकोले आफूलाई आवश्यक सेवा प्राप्त गर्न राजदूतावास सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ:

**कन्सुलर सेवा शिविर आयोजना हुने मिति, समय र स्थान:**

मिति: **२२-२३ नोभेम्बर २०२५ (दुई दिन)**

समय: **बिहान ९ बजे देखि साँझ ५ बजेसम्म**

स्थान: **नमस्ते प्याभेलियन रेस्टुरेन्ट (4438 Sheppard Ave E #201, Scarborough, ON M1S 1V2)**
**निःशुल्क अन्डरग्राउन्ड पार्किङ्ग समेत उपलब्ध रहेको।**

**कन्सुलर सेवा शिविरबाट प्रवाह हुने सेवाहरु:**

क) राहदानी नवीकरण (Passport renewal) **(डिसेम्बर २०२६ अगावै राहदानीको बहाल अवधि समाप्त हुने सेवाग्राहीहरूले राहदानी नवीकरण गर्न सक्ने)**

ख) अधिकृत वारेसनामा (Power of Attorney)

ग) कागजात प्रमाणीकरण (Attestation)

**सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने प्रकृया, पेश गर्नुपर्ने कागजात तथा शुल्क**

**क) राहदानी नवीकरण (Passport renewal)**

**१. राहदानीका लागि आवेदन दिने तरिका:**

- **शुरूमा देहायका कागजातहरूको रङ्गिन .JPEG स्क्यान गरी तयार राख्ने:**
  - नेपाली नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको पेज,
  - नाबालकको हकमा नाबालक परिचयपत्रको अगाडि र पछाडिको पेज,
  - हालको राहदानीको अगाडिको पेज (फोटो र छाप भएको पेज एउटै पेजमा आउने गरी स्क्यान गर्नुहोस्।)
  - राहदानीको पछाडिको पेज (निकटतम व्यक्तिको नाम, ठेगाना भएको पेज)
- **अनलाईन फारम भर्नुअघि आफ्नो कम्प्युटर वा ल्यापटप वा मोबाईलको Date and Time Setting मा गई Time Zone "Kathmandu, Nepal" (UTC+05:45) छनौट गर्ने,**
- अनलाइन आवेदनका लागि https://emrtds.nepalpassport.gov.np/ मा जाने,
- Appointment Country मा Other मा गई Appointment Location मा "NE, Ottawa" छनौट गर्ने,

- प्राविधिक कारणले २२-२३ नोभेम्बर २०२५ को लागि समय उपलब्ध नभएमा उपलब्ध कुनै पनि मितिको Appointment लिने,

  **Appointment को मिति र समय फारम भर्ने प्रयोजनको लागि मात्र हो। शिविरमा सेवा प्रवाह गर्दा First Come First Served को आधारमा हुनेछ।**
- नागरिकता नम्बर वा नाबालक परिचयपत्र नम्बर उल्लेख गर्नुपर्दा / वा – जस्ता चिन्ह नराखी लगातार अंक मात्र राखे,
- फाराम भर्दा माथि उल्लेख भएबमोजिम रङ्गिन स्क्यान गरिएका नागरिकता प्रमाणपत्र वा नाबालक परिचयपत्रका दुवै पेज, राहदानीको फोटो र छाप भएको एवम् निकटतम व्यक्तिको नाम ठेगाना भएको दुवै पेज अनिवार्य Upload गर्ने,
- **Appointment Date and Time छनौट गरी सम्पूर्ण विवरण भरिसकेपछि अन्त्यमा बारकोडसहितको PDF फाराम Download गरी Print गर्ने।**- (*डाउनलोड गरिएको फारामको दायाँपट्टि छेउमा र* Bottom *मा बारकोड रहेको देख्न सकिनेछ।*)
- उक्त बारकोडसहितको फारामको PDF copy र हालको राहदानी तथा नागरिकता वा नावालक परिचयपत्रको Scanned कपि attach गरी **२० नोभेम्बर २०२५ अगावै** Verification का लागि दूतावासको इमेल **nepal.epp@gmail.com** मा पठाउने, कृपया **Email को Subject मा आफ्नो नाम-Scarborough** लेख्नुहोला। (उदाहरणका लागि **Ram Thapa–Scarborough**)

  ***(फाराम Verify नगरी निवेदकले भरेको Data Retrieve गर्न नसकिने र सो नभई Biometrics लिन नसकिने भएकोले फारामलाई Verification को लागि अनिवार्यरुपमा दूतावासको इमेल (nepal.epp@gmail.com) मा पठाउनुपर्नेछ। आवेदन Approve भएको जानकारी १८ नोभेम्बर २०२५ पश्चात् मात्र प्राप्त हुनेछ।)***
- डाउनलोड गरिएको बारकोडसहितको PDF फारामको प्रिन्ट प्रति तथा अन्य आवश्यक कागजातसहित Biometrics का लागि आवेदक स्वयम् शिविरमा उपस्थित हुनुपर्ने।

**२. राहदानीका लागि शिविरमा आउँदा ल्याउनुपर्ने आवश्यक कागजातहरु:**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- नाबालकको हकमा नाबालक परियचपत्र तथा बाबु-आमाको नागरिकता, राहदानी र विवाह दर्ताको प्रमाणपत्र तथा सोको प्रतिलिपिहरु,
- हालको राहदानीको सक्कल तथा प्रतिलिपि,
- अनलाइन फाराम भरेपछि डाउनलोड गरिएको बारकोडसहितको PDF फारामको प्रिन्टेड प्रति,
- क्यानडामा कुन status मा रहिरहेको हो, सो व्यहोरा खुल्ने कागजात र सोको प्रतिलिपि।

**३. राहदानी आवेदन सम्बन्धी अन्य महत्वपूर्ण जानकारी:**

- राहदानी शुल्क क्यानेडियन डलर २२० लाग्नेछ। हराएको वा बिग्रिएको राहदानीको हकमा क्यानेडियन डलर ३३० लाग्नेछ । तर, १० बर्ष भन्दा मुनिका नाबालकको हकमा नवीकरण शुल्क क्यानेडियन डलर ११० लाग्नेछ। नाबालकको राहदानी हराएको वा बिग्रिएको हकमा क्रमशः क्यानेडियन डलर १६५ लाग्नेछ।
- राहदानी शुल्क बापतको रकम डेबिट कार्डबाट भुक्तानी गर्न सकिने अथवा Embassy of Nepal, Ottawa को नामको Money Order वा Bank Draft पेश गर्न सकिने। **नगद स्वीकार्य नहुने।**
- राहदानीका लागि फोटो ल्याउनु नपर्ने।

नेपाली राजदूतावास ओटावा

**ख) अधिकृत वारेसनामा (Power of Attorney)**

शिविरमा लिइ आउनुपर्ने कागजात

- कानून व्यवसायीले नेपाली कागजमा तयार गरेको लिखत तथा निवेदन,
- अधिकृत वारेसनामा दिनेको नेपाली नागरिकता प्रमाणपत्र तथा राहदानीको सक्कल र सोको प्रतिलिपि,
- अधिकृत वारेसनामा लिनेको नागरिकताको प्रमाणित प्रतिलिपि,
- लिने दिने दुवैको हालसालै खिचिएको दुई/दुई प्रति फोटो,
- क्यानडामा कुन status मा रहेको हो, सो व्यहोरा खुल्ने कागजात र सोको प्रतिलिपि,
- जुन प्रयोजनका लागि अधिकृत वारेसनामा दिने हो सो सम्बन्धी सक्कल वा प्रमाणित कागजात, जस्तै- जग्गा बेचबिखनको हकमा लालपुर्जाको सक्कल वा सोको प्रतिलिपि, कर तिरेको रसिद वा सोको प्रमाणित प्रतिलिपि, सम्बन्ध विच्छेदका लागि विवाह दर्ताको सक्कल वा सोको प्रमाणित प्रतिलिपि, साक्षी रहेका व्यक्तिहरुको नागरिकताको प्रतिलिपि।

अन्य जानकारी

- अधिकृत वारेसनामा शुल्क क्यानेडियन डलर ५० वा क्यानेडियन डलर ५ (अधिकृत वारेशनामाको व्यहोरा बमोजिम) लाग्नेछ। शुल्क बापतको रकम डेबिट कार्डबाट भुक्तानी गर्न सकिने अथवा Embassy of Nepal, Ottawa को नामको Money Order वा Bank Draft पेश गर्न सकिने। **नगद स्वीकार्य नहुने।**
- अधिकृत वारेसनामा दिने व्यक्ति स्वयम् उपस्थित हुनुपर्ने।
- गैर आवासीय नेपाली नागरिकहरूका लागि यो सेवा प्रदान गरिने छैन्।

**ग) कागजात प्रमाणीकरण (Attestation)**

नेपालका सम्बद्ध निकायहरूबाट जारी भएका तथा नेपाल सरकार, परराष्ट्र मन्त्रालय, कन्सुलर सेवा विभागबाट प्रमाणित गरिएका शैक्षिक प्रमाणपत्र, नाता प्रमाणपत्र, विवाह दर्ता प्रमाणपत्र, जन्म दर्ता, मृत्यु दर्ता जस्ता कागजात प्रमाणीकरणका लागि शिविरमा लिई आउन सकिनेछ।

पेश गर्नुपर्ने कागजात तथा अन्य जानकारी:

- तोकिएको ढाँचाको निवेदन। निवेदन फाराम शिविरमा नै उपलव्ध हुनेछ।
- प्रमाणीकरण गर्नुपर्ने कागजातको सक्कल र प्रतिलिपि ल्याउनु पर्नेछ।
- प्रमाणीकरण शुल्क प्रति कागजात क्यानेडियन डलर ७० लाग्नेछ। शुल्क बापतको रकम डेबिट कार्डबाट भुक्तानी गर्न सकिने अथवा Embassy of Nepal, Ottawa को नामको Money Order वा Bank Draft पेश गर्न सकिने। **नगद स्वीकार्य नहुने।**

माथि उल्लिखित बाहेक थप जानकारी आवश्यक भएमा (Tel: 613 680 5513 वा Email: nepal.epp@gmail.com) मा सम्पर्क गर्नुहुन अनुरोध छ।

नेपाली राजदूतावास, ओटावा।
२६ सेप्टेम्बर २०२५

नेपाली राजदूतावास ओटावा